# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प. सं. ०७८/७९
च. नं.

# माई नगरपालिकामा सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

फागुन २२ गते आइतवार

राष्ट्रिय सूचना आयोगको आयोजनामा इलाम जिल्लास्थित माई नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सूचनको हकका अभियन्ता, सञ्चारकर्मीहरुका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । नगरपालिकाका मेयर दिपक प्रसाद थेवेले उक्त कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । सो क्रममा मेयर थेवेले सूचनाको हक लोकतन्त्रको मेरुदण्ड भएको विचार व्यक्त गर्दै  नगरपालिका सूचनाको हक प्रति प्रतिवद्धता व्यक्त गर्नुभयो । मेयर थेबेले सूचनाको हक मागकर्ताले जथाभावी सूचना माग गर्ने, सूचना माग गर्ने बहानामा अनावश्यक दुख दिन खोज्ने, सामाजिक सञ्जालमा जथाभावी गाली गर्ने तथा इमान्दारीपूर्वक गरेको काममा पनि शंका गर्ने, समाचार गलत मनसायबाट बंग्याउने गरिएको हुंदा सूचनाको हकसम्बन्धी कानुनमा परिमार्जन आवश्यक रहेको बताउनुभयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले कार्यक्रमको अध्यक्षता गर्दै सूचनाको हकले लोकत्रान्तिक पद्धति स्थापनापश्चात् मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलन पश्चात्को संविधान सभाका जनप्रतिनिधिहरुले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हक सम्बन्धी कानुनको आवश्यकता महसुस गरी कानुन ल्याएको बताउनुभयो । विश्वका १२९ भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानुन बनेको, सुशासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न पनि आवश्यक भएको सन्दर्भका कारण यो कानुन आएको हुँदा सबै जिम्मेवार नागरिकले यसको प्रवर्द्धन एवं सम्वर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्नु भयो । नागरिकले सवै सूचना माग गर्न पाउने, सार्वजनिक निकायले दिन मिल्ने नमिल्ने कानुन हेरी निर्णय गर्नुपर्ने, सूचना माग गर्नुलाई दुख दिने नियत भन्न उपयुक्त नहुने, नागरिकको सम्मान गर्दै माग गरेको सूचना समयमा उपलव्ध गराउनु पर्ने, सूचना मागकर्तालाई सहजीकरण गर्न पर्ने, सूचना माग्न आउनै नपर्ने वातावरण बनाउन स्वत प्रकाशन तथा सार्वजनिकीकरणमा जोड दिन् पर्ने, खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्नुपर्ने, सूचना माग्दा कुनै शुल्क वा टिकट नलाग्ने व्यवस्था गर्नु पर्ने, पत्रकार सम्मेलनका माध्यमवाट सवै जानकारी गराई रहन पर्ने जस्ता सुझावहरु दिनु भयो । सामाजिक सञ्जालको आलोचना गर्नुभन्दा सार्वजनिक निकायले सदुपयोग गर्नुपर्ने, सूचना माग्नै नपर्ने गरी सार्वजनिक हुने व्यवस्था गर्नु पर्ने, हरेक सार्वजनिक निकायले निर्णयहरु तत्काल सार्वजनिक गर्दा उपयुक्त हुने, वेवसाइट सदै अपडेट गर्दै जानु पर्ने, पर्याप्त सूचना प्रवाह गर्नुपर्नेजस्ता निर्देशन पनि प्रमुख आयुक्त गुरुङ्गले सो अवसरमा दिनुभयो । कार्यक्रममा सहभागिहरुवाट उठेका जिज्ञाशाहरुको पनि प्रमुख आयुक्त गुरुङ्गले जवाफ दिनु भएको थियो ।

आयोगका सचिव भागिरथ पाण्डेले सूचनाको हकका वारेमा भएका संवैधानिक तथा कानुनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमबाट अपेक्षा गरेका विषयहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सचिव पाण्डेले सहभागीहरुवाट प्राप्त जिज्ञाशाहरुको जवाफ पनि दिनु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले खर्चको विवरण जो सुकैले माग्दा दिन पर्ने कि नपर्ने, जे पनि माग्न पाइने हो कि होइन, कति समय अगाडिसम्मको सूचना दिनु पर्ने हो, सूचना माग गर्दा पत्रकारले के उद्देश्य उल्लेख गर्ने हो, विद्युतीय माध्यमवाट सूचना उपलव्ध गराउँदा शुल्क नलाग्ने वा कम लाग्ने हुनपर्ने माग आएको सन्दर्भमा के गर्ने, दुरुपयोग हुने आशंका हुँदा के गर्ने, युट्युव र फेसवुकमा जथाभावी लेख्नेलाई के गर्ने, सूचना माग गर्दै गर्दा गलत मनसाय प्रकट गरे के गर्ने जस्ता जिज्ञाशा तथा सूचनाको हकसम्बन्धी कानुन नै संसोधन गर्नु पर्ने हो की भन्ने सुझाव पनि प्रकट भएको थियो ।

माई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश अधिकारीले सञ्चालन गर्नु भएको कार्यक्रममा आयोगका उपसचिव कपिलप्रसाद उपाध्यायले स्वागत मन्तव्य सहित  कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।

कमला ओली थापा

सूचना आयुक्त तथा प्रवक्ता